काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



❐ वर्ष : २६ ❐ अंक : ५३ ❐ सोमवार, ७ मंसिर, २०८३ ❐ Monday, 23 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

अलपत्र रानीघाट पुल : १४ वर्षको पर्खाइपछि नयाँ ठेक्का

अलपत्र पुलको विकल्पमा चालु आवमै नयाँ “सिंगल स्पान” पुलको टेन्डर निकालिने भएपछि भेरी पारिका बस्तीमा उत्साह ।

❐ सुशील खड्का

सुर्खेत, ६ मंसिर

बिहानको मिर्मिरे उज्यालो नखस्दै भेरी नदीको चिसो सिरेटो चिर्दै रानीघाट किनारमा स्थानीयको चहलपहल सुरु हुन्छ । कसैको पिठ्युँमा भारी छ, कसैको काखमा स-साना नानीबाबु छन् त कोही विरामी बोकेर हतारिँदै झोलुङ्गे पुल तरिरहेका छन् । सुर्खेतको बराहताल गाउँपालिकाको थापा डेरामा रहेको झोलुङ्गे पुलमा देखिन्छन् । यी दृष्यहरु वर्षदेखि पटक्कै फेरिएको छैनन् । २०६९ सालमा वीरेन्द्रनगर र बराहताल सिमाना छुट्टाएको भेरी नदीको रानीघाटमा पक्की पुलको शिलान्यास भयो, तब नदी पारिका बस्तीहरू, रानीघाट, सुगरखाल, श्रीचौर, तेलपानी र गाडापानीका बासिन्दाका आँखामा खुसीका आँसु टिल्पिलाएका थिए । तेलपानीका टोपबहादुर कठायत विगत सम्झिन्छन्, ‘अब हाम्रा दुःखका दिन सकिए, घरआँगनमै गाडी गुड्नेछ । बिरामी पर्दा एम्बुलेन्स आउनेछ र बारीमा फलेको तरकारी बजार पुग्नेछ।’



विगतको अवस्था	अबको योजना
ठेक्का सम्झौता *: २०६९ असार २९ (पप्पु/मल्ल जेभी, १४ करोड २९ लाख रुपैयाँ)*	***प्रविधि*** *: नयाँ स्थानमा आधुनिक (सीएफएसटी) ‘डबल लेन’*
लक्ष्य *: २०७२ पुस २९ भित्र सम्पन्न गर्नुपर्ने*	***पुल संरचना*** *: बीचमा पिलर नराखी १२०-२०० मिटर ‘सिंगल स्पान’*
अवस्था *: २ पिलर उठाई ४ करोड ३८ लाख भुक्तानी लिएपछि डिजाइन त्रुटिको बहानामा अलपत्र*	***लागत अनुमान*** *: ७० देखि ८० करोड रुपैयाँ (नदी नियन्त्रण र पहुँच मार्गसहित)*
कारबाही *: २०७९ मा ठेक्का रद्द गरी कालोसूचीमा, मुद्दा अदालतमा विचाराधीन*	***लक्ष्य*** *: चालु आवमै ठेक्का लगाई २ देखि ३ वर्षभित्र निर्माण सम्पन्न*

‘चालु आवमै ठेक्का लगाउछौं’



ललित जन खनाल,
प्रमुख,
पुल महाशाखा

डेढ दशक लामो पीडा, प्रतीक्षा र निराशापछि अब भने रानीघाट पारीका बासिन्दामा केही आशा पलाएको छ । पुरानो अलपत्र ठेक्काको कानुनी उल्झनलाई एकातिर पन्छाउँदै सरकारले नयाँ स्थानमा आधुनिक प्रविधिको डबल लेन पुल निर्माण गर्ने प्रक्रिया अघि बढाएको छ । प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ सुर्खेतका सांसद रमेशकुमार सापकोटा र सडक विभागका पुल महाशाखा प्रमुख ललित जन खनालसहितको उच्चस्तरीय प्राविधिक टोलीले केही दिन अघि मात्रै स्थलगत अनुगमन गरेपछि नयाँ पुल बन्ने निश्चित भएको हो । अनुगमनका क्रममा महाशाखा प्रमुख खनालले पुरानो ठेक्काको अदालती प्रक्रिया आफ्नै ढंगले चलिरहने र त्यसले नयाँ स्थानमा बन्ने पुलको कामलाई कुनै अवरोध नगर्ने स्पष्ट पारे । ‘मन्त्रालयबाट सहमति पत्र प्राप्त

बाँकी पृष्ठ २

‘प्रारम्भीक डिजाइन थाली सकेका छौं’



विवस बाबु सदादेव,
प्रमुख,
सडक डिभिजन कार्यालय, सुर्खेत

सडक डिभिजन कार्यालय सुर्खेतका अनुसार कन्सल्टेन्ट टोली एक हप्ताभित्रै फिल्डमा खटिएर प्रारूप डिजाइनको काम थाल्दैछ । त्यहाँ बाटो अलिकति लामो चाहिने र नदी घुमेको हुनाले नदी नियन्त्रणको काम पनि ठूलै गर्नुपर्ने अवस्था छ । सामान्यतया ५० मिटर पुल निर्माण गर्दा १५ देखि १६ करोड रुपैयाँ लागत आउने हुँदा करिब २०० मिटर लामो पुल, पहुँच मार्ग र नदी नियन्त्रणका संरचनासमेत जोड्दा कुल लागत ७० देखि ८० करोड रुपैयाँसम्म पुग्ने अनुमान गरिएको छ । एकदेखि डेढ महिनाभित्र प्रारूप डिजाइन र यथेष्ट इस्टिमेट तयार पारी लक गरेर चालु आर्थिक वर्षभित्रै ठेक्का आह्वान गरी ठेकेदार छनोट गरिसक्ने लक्ष्य राखिएको छ । ठेक्का लागेपछि तीनदेखि चार महिनाभित्र विस्तृत डिजाइन सकेर दुईदेखि तीन वर्षभित्र पुल निर्माण सम्पन्न गर्ने योजना छ ।

तर, १४ वर्ष बितिसक्दा पनि भेरीको बीचमा ठडिएका दुईवटा जीर्ण पिलरले स्थानीयको त्यही सपनालाई गिज्याइरहेका छन् । ती पिलरहरू सिमेन्ट र छडका थुप्रा मात्र होइनन्, विकासका नाममा भएको चरम लापरबाही र राज्यको उदासीनताका जीवित स्मारक बनेका छन् । आवतजावतका लागि यहाँ झोलुङ्गे पुल त छ, तर पक्की मोटररेबल पुल नहुँदा नदी पारिका हजारौँ नागरिक यातायातको पहुँचबाट पूर्ण रूपमा वञ्चित छन् । एउटा पक्की पुलको अभावले सिङ्गो बस्तीको जीवनशैली, स्वास्थ्य, शिक्षा र अर्थतन्त्रलाई कसरी वर्षौं पछाडि धकेल्छ भन्ने जीवित उदाहरण रानीघाट पारि पुगेपछि देखिन्छ ।

पक्की पुल नबन्दा यहाँका बासिन्दाले दैनिक जीवनयापनमा अकल्पनीय सास्ती भोगिरहेका छन् । सबैभन्दा भयावह अवस्था स्वास्थ्य सेवामा छ । गाउँमा कोही सिकिस्त बिरामी पर्दा वा महिलालाई सुत्केरी व्यथा लाग्दा एम्बुलेन्स पुग्ने बाटो छैन् ।

स्थानीयले बिरामीलाई डोको वा स्ट्रेचरमा बोकेर घण्टौंको ओरालो बाटो हुँदै भेरी किनारमा

बाँकी पृष्ठ ४

‘अब बहानाबाजी हुनै छैन’



रमेश सापकोटा,
सांसद, सुर्खेत

सुर्खेत निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य रमेशकुमार सापकोटाले १४ वर्षदेखि अलपत्र परेको रानीघाट पुलको विकल्पमा नयाँ पुल निर्माण प्रक्रियालाई छिटोभन्दा छिटो टुङ्गोमा पुऱ्याउन विशेष तदारुकता देखाएका छन् । उनकै प्रत्यक्ष पहल र आग्रहपछि सडक विभागका पुल महाशाखा प्रमुख ललित जन खनाल कार्यतालिकामा नभए पनि स्थलगत अनुगमनका लागि सुर्खेतको रानीघाट पुगेका थिए । स्थलगत अनुगमनका क्रममा सांसद सापकोटाले पुल निर्माणका लागि आवश्यक बजेट र स्रोत सुनिश्चितताको सहमति पत्र छिटो भिकाउन आफू उच्च तहमा पहल गर्न तयार रहेको प्रतिबद्धता जनाए । उनले प्राविधिक टोलीसँग भने, ‘मैले अब कहाँ जानुपऱ्यो, प्रधानमन्त्री-ज्यूलाई भन्नुपऱ्यो कि अर्थमन्त्री-ज्यूलाई ? भौतिक पूर्वाधार र अर्थ मन्त्रालयमा पहल गरेर जतिसक्दो

बाँकी पृष्ठ २

दिल्ली पुगे प्रधानमन्त्री बालेन, राज्यमन्त्रीले गरे स्वागत



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ६ मंसिर

प्रधानमन्त्री वालेन्द्र शाह ’बालेन’ २ दिने औपचारिक भ्रमणका लागि भारतको राजधानी नयाँ दिल्ली पुगेका छन् ।

दिल्लीस्थित इन्दिरागान्धी विमानस्थलमा बालेनलाई भारतीय राज्यमन्त्री जितिन प्रसादले स्वागत गरेका छन् । जितिन प्रसाद भारत सरकारका उद्योग तथा वाणिज्य राज्यमन्त्री हुन् । विमानस्थलमा सांस्कृतिक झाँकी र सेनाको टुकडीले प्रधानमन्त्रीसहितको नेपाली प्रतिनिधिमण्डललाई स्वागत गरिएको हो ।

बालेन विमानस्थलबाट सिधै ताजमहल होटलमा गएका थिए । आइतवार उनले भारतीय विदेशमन्त्री डा. एस जयशंकरसँग भेटवार्ता गरेकाछन् ।

महत्त्वपूर्ण भेटवार्ता आज सोमवार मात्र हुनेछ ।

वैदेशिक रोजगारको विकल्पमा सुरु गरिएको बाख्रापालनबाट मनग्य आम्दानी

❐ काँक्रेविहार संवाददाता

दाङ, ६ मंसिर

विदेश जाने योजना असफल भएपछि स्वदेशमै सुरु गरेको बाख्रापालन व्यवसायबाट अहिले मनग्य आम्दानी गर्दै छन्, बाँके राप्तीसोनारी गाउँपालिका-६ का डम्बर बुढाक्षेत्री ।

बाख्रा पालनबाट भइरहेको आम्दानी देखेर अहिले उनले विदेशभन्दा स्वदेशमै राम्रो गर्न सकिने रहेछ भन्ने सन्देश दिएका छन्, वैदेशिक रोजगारीका लागि साउदी अरब जाने तयारीमा रहेका बुढाक्षेत्री स्वास्थ्य परीक्षणमा असफल भएपछि विदेश जान पाएनन् । विदेश जाने योजना सफल नभएपछि स्वदेशमै उनले बाख्रापालन व्यवसाय गर्ने योजना बनाएर सोही कार्यमा लागे । सोही व्यावसाय फस्टाउँदै जाँदा अहिले आत्मनिर्भरताको आधार बनेको उनी बताउँछन् उनले अहिले ६० वटाभन्दा बढी स्थानीय खरी जातका बाख्रा पालेका छन् । बाख्रापालनबाट दुई वर्षमा करिब तीन लाख रुपियाँ आम्दानी गरेको जनाउँदै उनले पुरानो ऋण चुक्ता गर्नुका साथै दुई छोराको पढाइ खर्च र घरपरिवारको दैनिक आवश्यकता पूरा गर्दै आएको बताउछन् । सुरुमा थोरै संख्यामा बाख्रा पाल्न थालेका बुढाक्षेत्रीले क्रमशः व्यवसाय विस्तार गर्दै गएका हुन् । वर्षमा आठदेखि १० वटासम्म खसी बिक्री गर्दै आएका उनले यस वर्ष पाँच लाख रुपियाँभन्दा बढी आम्दानी हुने अपेक्षा गरेको बताए । माउ बाख्रा बिक्री नगरी संख्या बढाउने उनको योजना छ । बाख्रा बिक्रीका लागि बजारको समस्या नरहेको जनाउँदै बुढाक्षेत्रीले सहकारीले खसी खरिद गर्नुका साथै आवश्यक पर्दा अग्रिम रकमसमेत उपलब्ध गराउने भएकाले व्यवसाय सञ्चालन गर्न सहज भएको बताऐ । पशुपालनमा सक्रिय रहेका उनले सुरुमा आठ वटा भैंसीसमेत पाले का थिए । भैंसी बिक्री गरेर बाख्रापालनलाई प्राथमिकता दिएको जनाउँदै अहिले यही व्यवसायबाट ऋण चुक्ता गर्न सफल भएका हुन् ।



सम्पादकीय

कहिले बन्छ गाउँमै रोजगारीको आधार?

जुम्लाका गाउँबाट हरेक वर्ष दसैँ-तिहारपछि सुरू हुने कालापहाड यात्रा केवल रोजगारीको खोजीमा हुने आवतजावत होइन, यो राज्यको विकास नीति र स्थानीय सरकारको कार्यसम्पादनमाथि उठेको गम्भीर प्रश्न पनि हो । उत्पादनशील उमेरका युवा गाउँ छाडेर भारत जान बाध्य हुँदा गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्रै रहने अवस्था सिर्जना हुँदै गएको छ । यो अवस्था जुम्लाको मात्र समस्या होइन, समग्र कर्णालीको विकाससँग जोडिएको चुनौती हो । गाउँमै बसेर परिवार पाल्ने रहर हुँदाहुँदै पनि आम्दानीको भरपर्दो आधार नहुँदा युवाहरु कालापहाड जानुपर्ने बाध्यतामा छन् । खेतीपातीबाट वर्षभरि परिवारको खर्च धान्न नसकिने, स्थानीय स्तरमा रोजगारीका अवसर नहुने र सीपअनुसारको काम नपाइने अवस्थाले उनीहरूलाई घरपरिवार छाड्न बाध्य बनाएको छ । कतिपयले आफ्ना छोराछोरीको शिक्षा र परिवारको आधारभूत आवश्यकता पूरा गर्नसमेत परदेशकै भर पर्नुपरेको छ ।

युवा पलायनको असर अर्थतन्त्रमा मात्र सीमित छैन । खेतबारी बाँझिँदै जानु, कृषि उत्पादन घट्नु, विद्यालयमा विद्यार्थीको उपस्थिति कम हुनु र सामाजिक गतिविधिमा जनशक्तिको अभाव देखिनुले गाउँको समग्र जीवन प्रभावित भएको छ । परिवारको जीविकोपार्जनका लागि भारत पुगेका अभिभावकका बालबालिकाले पर्याप्त हेरचाह र नियमित शिक्षाको अवसर गुमाउनुपर्ने अवस्था पनि उत्तिकै चिन्ताजनक छ । विडम्बना, स्थानीय तहमा हरेक वर्ष युवा लक्षित कार्यक्रमका नाममा बजेट खर्च भइरहेको छ । सीपमूलक तालिम, आयआर्जन र उद्यमशीलताका कार्यक्रम सञ्चालन भएको विवरण पनि सार्वजनिक हुन्छन् । तर ती कार्यक्रमले युवाको आम्दानी र रोजगारीमा कति परिवर्तन ल्याए भन्ने प्रश्नको जवाफ खोज्ने बेला आएको छ । खेलकुद सामग्री वितरण र औपचारिक तालिमले मात्र युवा पलायन रोकिँदैन । तालिमलाई बजार, उत्पादन र आम्दानीसँग जोड्नुपर्छ ।

जुम्ला कृषि, पशुपालन, जडीबुटी, फलफूल र पर्यटनको सम्भावना बोकेको जिल्ला हो । स्थानीय स्रोतसाधनको उपयोग गर्दै व्यावसायिक कृषि, पशुपालन, स्याउ उत्पादन तथा प्रशोधन, जडीबुटी संकलन र बजारीकरणमा युवालाई जोड्न सकिन्छ । त्यसका लागि उत्पादनको उचित मूल्य, बजारको सुनिश्चितता, सहुलियतपूर्ण ऋण, प्राविधिक सहयोग र व्यावसायिक वातावरण आवश्यक छ । स्थानीय सरकारको सफलता सडक र भवन निर्माणमा मात्रै मापन हुनु हुँदैन । गाउँका युवाले आफ्नै ठाउँमा बसेर सम्मानजनक आम्दानी गर्न सक्ने अवस्था सिर्जना गर्नु पनि विकासको महत्त्वपूर्ण सूचक हो । त्यसैले अब बजेट खर्चको उपलब्धि होइन, त्यसले कति रोजगारी सिर्जना गऱ्यो भन्ने आधारमा कार्यक्रमको मूल्यांकन हुनुपर्छ । कालापहाड जाने युवालाई रोक्ने नाममा प्रतिबन्ध वा आश्वासन होइन, गाउँमै बस्न सक्ने आर्थिक आधार चाहिएको छ । युवा गाउँ फर्किने र गाउँमै भविष्य खोज्ने वातावरण बनाउनु राज्यको दायित्व हो । गाउँ रित्तिँदै जाने, खेतबारी बाँझिँदै जाने र उत्पादनशील जनशक्ति परदेशिने क्रम रोक्न सकिएन भने स्थानीय विकासको अर्थ नै अधुरो हुनेछ । अब प्रश्न युवा किन विदेशिए भन्ने मात्र होइन, उनीहरूलाई गाउँमै रोक्न स्थानीय सरकारले के गऱ्यो भन्ने पनि हो ।

बालेन्द्रको दिल्ली यात्रा:

संयम र खबरदारीको सन्देश



✍ युवराज घिमिरे

नेपालबाट हुने गरेका उच्चस्तरीय विदेश भ्रमणका पृष्ठभूमि र उपलब्धिलाई हेर्ने र विश्लेषण गर्ने अलि फरक र सस्तो शैली प्रचलनमा छ मुलुकमा ।

कुनै भ्रमण 'राजकीय' हो या औपचारिक, अनि नेपालले के माग्यो र के पायो? जस्ता विश्लेषण र टीकाटिप्पणी सामाजिक सञ्जालमा मात्र हैन 'मुख्य' धार भनिने सञ्चार माध्यममा पनि पाइन्छ ।

उच्चस्तरीय भ्रमण 'कूटनीतिक सम्बन्धका नियमित पहल' हुन् । दुईपक्षीय या बहुपक्षीय सम्बन्धमा समस्या आउँदा त्यसलाई सहजता दिन विभिन्न तहका भ्रमणका संख्या आकार या आवाधिकतालाई तीव्रता दिइने गरिन्छ । तर, अन्य समयमा पनि त्यस्ता भ्रमण नियमित रूपमा, निकै हदसम्म 'रेसिप्रोकल' रूपमा हुने गर्छन् । नेपाल-भारतका सम्बन्धमा २०६३ यता प्रधानमन्त्री तहमा केही अपवादबाहेक प्रायः सबैले भ्रमण गरेका छन् । र, लगत्तै उनीहरूको अर्को भ्रमण चीन हुने गरेको पाइन्छ ।

नेपालमा राजनीतिक अस्थिरता र प्रधानमन्त्रीको अस्थायित्वकै बीच पनि दक्षिण र उत्तरको यात्रा नगरे या त्यसका लागि निम्तो नपाए प्रधानमन्त्रीको हैसियत 'न्यून' तहको रहने हीन भावनाबाट हाम्रा नेताहरू ग्रस्त देखिन्छन् । वर्तमान प्रधानमन्त्री बालेन्द्र शाह त्यस अर्थमा फरक देखिएका छन् । नेपाली जनताले बहुमत दिए पनि बाह्य भ्रमणले मात्र अन्तर्राष्ट्रिय अनुमोदन र चिनारी दिन्छ भन्ने अनौठो मान्यता कूटनीतिक संस्कार बनेको छ जो अन्यत्र पाइँदैन । यस्ता 'यात्रा' आवश्यकता र मुलुकका हितबाट निर्देशित हुनुपर्ने मान्यता सर्वत्र पाइन्छ ।

यही सेरोफेरोमा प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणबारे पनि बहस हुन थालेको छ । नेपालले के माग्ला, के पाउला या नपाउला? अनि यो राजकीय हो या औपचारिक! यो भ्रमण मौलिक रूपमा अरु पूर्ववर्तीहरूभन्दा केही अर्थमा फरक छ ।

शाह औपचारिकताकै लागि भारत भ्रमण चाहिरहेका थिएनन् । उनको भ्रमणलाई दुईपक्षीय कूटनीतिक सम्बन्ध, प्रगाढता र विस्तार अनि समस्याहरूको पहिचान र त्यसबारे छलफलका लागि आवश्यक कदम मानिनुपर्छ तर यो भ्रमणमा उनको चाहना न्यून र भारतको आग्रह बढी रहेको बुझ्न सकिन्छ । अतीतमा नेपाली प्रधानमन्त्रीले 'भारत भ्रमण' माग्ने गरेका अनेक दृष्टान्त छन् । सामान्यतया यस्ता यात्रा 'रेसिप्रोकल' हुने गर्छन् तर ०६३ यता नेपालका प्रधानमन्त्रीहरू जुन अल्पअवधिमा फेरबदल भएका छन्, त्यसमा दुई या तीन अवधि पूरा गरेका भारतीय प्रधानमन्त्रीहरूको 'रेसिप्रोकल' भ्रमण मिल्दो कूटनीतिक अभ्यास बन्न सकेनन् ।

नेपालमा संविधान २०७२ मा जारी भई भारतले त्यो प्रक्रियामा उपेक्षित रहेको मान्यताका कारण लगाइएको लामो आर्थिक 'ब्लकेड' पछि को चुनावमा केपी ओलीको विजयलगत्तै भारतलाई आफ्नो अर्घेल्याइँ महसुस भएको थियो सायद ।

त्यसैले, विधिवत् रूपमा प्रधानमन्त्री नियुक्त हुनुअगाडि नै भारतीय विदेशमन्त्री सुष्मा स्वराज ओलीलाई भेटनका लागि मात्र नेपाल आएकी थिइन् । र, पछि ओलीको सर्तमा अर्थात् भारतले 'ब्लकेड' विधिवत् समाप्त गरेपछि मात्र उनी दिल्लीको यात्रामा गएका थिए । दुई बीचको तिक्तता अझैसम्म पनि दुई मुलुकका नेतृत्वबीच सीमित छैन ।

वास्तवमा, अहिले बालेन्द्र शाह भ्रमण 'नतिजामूलक' हुनुपर्ने सर्त राख्दै प्रधानमन्त्रीका रूपमा आजसम्मकै सबैभन्दा छोटो अर्थात् २६ घण्टाको यात्रामा त्यसतर्फ जान लागेका हुन् ।

२०२६ मा आमनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीको विजय र बालेन्द्र शाहको प्रधानमन्त्री पदमा नियुक्ति अप्रत्यासित घटना थिए, भारत र चीन दुवैका लागि ।

०६३ पछि नेपाल पूर्णरुपमा आफ्नो एकल प्रभावको क्षेत्र बनेको भ्रम पालेको भारतका लागि अनुभवहीन तर खुलैरै बाह्य हस्तक्षेप नरुचाएका शाह प्रधानमन्त्री हुनु त्यति शुभ संकेत थिएन, उनीहरूका लागि ।

भारतको निम्तोलाई तत्काल स्विकार्न र त्यहाँबाट आउन चाहेको कूटनीतिज्ञहरूसँग भेट्न अनिच्छा देखाउँदै उनले पहिलेको भन्दा फरक कूटनीतिक शैली प्रदर्शित गरे । सम्भवतः शाहको मौनता र नेपालसँगको दूरीलाई दबाबमार्फत 'ट्र्याक' मा ल्याउने आसमा भारतले रास्वपा सभापति रवि लामिछानेलाई अत्यन्त आत्मीय तर 'रणनीति' झल्कने गरी दिल्लीमा स्वागत गऱ्यो । नेपालबाट भारत बोलाइएका नेताहरू एकै स्तर र हैसियतका हुँदा पनि भारतले परिस्थिति र आफ्नो स्वार्थलाई प्राथमिकता दिँदै उनीहरूलाई भिन्न भिन्न खालले र तहको सम्मान दिने गरेको छ ।

०६३ को भारतीय मध्यस्थता र एजेन्डामा भएको राजनीतिक परिवर्तनपछि दिल्लीमा गिरिजाप्रसाद कोइरालालाई स्वागत गर्न प्रधानमन्त्री मनमोहन सिंह स्वयं विमानस्थल पुगेनन् मात्र, कोइराला स्वयंलाई र नेपालीहरूलाई नपच्ने 'लिजेन्डरी स्टेट्सम्यान अफ साउथ एसिया' को पगरीसमेत लगाइदिए ।

आफैंले 'आतंकवादी' भनेको माओवादीसँगको भारतीय सहकार्य सम्भव हुने थिएन यदि कोइरालाको नेतृत्वको नेपाली कांग्रेस त्यसमा सामेल नभएको भए । सत्तामा नरहे पनि लामिछानेलाई यसपल्ट न्यानो र झन्डै राजकीय सम्मान झल्किने स्वागत दिइयो भारतमा ।

रास्वपाभित्रको समीकरणमा लामिछानेसँग अर्थमन्त्री स्वर्णिम वाग्ले र आफ्नो जिम्मेवारीमा दक्ष देखिएका परराष्ट्रमन्त्री शिशिर खनाल भएकाले त्यो स्वागतको अर्थ बालेन्द्र शाहले आफ्नै हिसाबले नलगाउने कुरै भएन ।

सन् २००६ नोभेम्बरमा आतंकवादलाई कसैले सघाउन नहुने आग्रह ढाका सार्क सम्मेलनमा गरेलगत्तै कोइरालालाई भारतले दण्डित गरेको थियो, माओवादीसँग सहकार्य गरेर अनि त्यसमा नेपाली कांग्रेससँगै तराईकेन्द्रित शक्तिहरूलाई मिसाएर । बालेन्द्र शाहले ८ महिनाको अनुभवमा यो बुझेका छन् ।

यात्रा छोटो राख्ने र नतिजापूर्ण बनाउने अडानलाई सतर्क रूपमा राखेर शाहले नेपालभित्र समर्थनको आयतन र स्तर बढाएका छन् । यात्राको सफलता र असफलता, खासगरी सन् २०१४ मा पहिलोपल्ट नरेन्द्र मोदी प्रधानमन्त्रीका रुपमा नेपाल आउँदा दिएको आश्वासन अतिरिक्त हवाईमार्ग, विविध 'कनेक्टिभिटी' मा उदारता अनि विवादित सीमा विवादलाई वार्ताको परिभाषित संयन्त्र र ढाँचामा राख्न भारतसँग आग्रह गर्ने देखिन्छ ।

बालेन्द्र शाहको छोटो यात्राले पहिले नै धेरै सन्देश दिइसकेको छ र औपचारिक कार्यक्रममा यी कमीकमजोरीबारे भारतले नेपाललाई कसरी आश्वस्त पार्छ एकपल्ट, त्यो महत्वपूर्ण हुनेछ । रास्वपाभित्र यो यात्राको 'उपलब्धि' बारे फरक ढंगले बहस होला तर बालेन्द्र शाहको बुझाइ निर्णायक र 'राष्ट्रिय बुझाइ' बन्नेछ यसपल्ट ।

त्यो नमानिएमा बालेन्द्र शाह पक्षले त्यसलाई 'नतिजामूलक' भ्रमण मान्ने छैन । उनको स्वभाव र शैली हेर्दा त्यहाँ कोइराला र लामिछानेलाई जस्तो 'बढी औपचारिक रणनीतिक स्वागत'मा उनी बढी रमाउने देखिँदैन । अर्थात नेपालभित्रको समर्थनलाई बढी प्रभावशाली बनाउन बाह्य अनुमोदन उनको चाहना बनेको छैन । यस्ता यात्रामा नेपालका केही प्रधानमन्त्रीले 'गतिछाडा' चरित्र पनि प्रदर्शन गरेका छन् अतीतमा । उनीहरूमध्ये केहीले आफ्ना क्षेत्रका लागि विशेष उपहारस्वरुपका परियोजना माग्ने गरेका छन् । अर्थात् नेपालले पाएका सहयोग र परियोजनालाई उपलब्धि नमान्ने र आफ्नै संसदीय क्षेत्रका लागि केही उपहार पाएमा मात्र भ्रमण सफल भएको उनीहरूको मान्यता रही आएको छ । आजभन्दा ३० वर्षअघि दुई पक्षले हस्ताक्षर गरेको महाकाली जलविद्युत् सम्झौताको विस्तृत प्रतिवेदन नबन्दा पनि त्यसको भविष्य या निरन्तरताबारे प्रश्न उठाएको छैन नेपालले ।

परियोजना कार्यान्वयनलाई जवाफदेही नबनाउनु नेपालको कूटनीतिक उदासीनता रहिआएको छ । सायद बालेन्द्र सरकारको बुझाइ फरक छैन । मोदी स्वयंले प्रधानमन्त्रीका रूपमा पहिलो नेपाल यात्रामा भारतीय प्रशासनतन्त्रलाई समयसीमा बद्ध रुपमा परियोजना कार्यान्वयनमा ध्यान दिन आग्रह गरेका थिए ।

बालेन्द्र शाहको छोटो यात्राले पहिले नै धेरै सन्देश दिइसकेको छ र औपचारिक कार्यक्रममा यी कमीकमजोरीबारे भारतले नेपाललाई कसरी आश्वस्त पार्छ एकपल्ट, त्यो महत्वपूर्ण हुनेछ । रास्वपाभित्र यो यात्राको 'उपलब्धि' बारे फरक ढंगले बहस होला तर बालेन्द्र शाहको बुझाइ निर्णायक र 'राष्ट्रिय बुझाइ' बन्नेछ यसपल्ट ।

जर्मनीमा फेरि २४ घण्टे हडताल घोषणा

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ६ मंसिर

ज्यालासम्बन्धी विवाद समाधान नभएपछि जर्मनीको सबैभन्दा ठूलो मजदुर संगठन आईजी मेटलले सोमबारका लागि २४ घण्टे चेतावनीमूलक हडताल आह्वान गरेको छ । हडतालमा उत्तरी जर्मनीका १९ कम्पनीका करिब २३ हजार कामदार सहभागी हुने संगठनले जनाएको छ ।

हडतालमा अटोमोबाइल निर्माता मर्सिडिज बेन्ज, पानीजहाज निर्माता मेयर वेर्फ्ट र वायु ऊर्जा कम्पनी सिमेन्स गामेसाका कर्मचारीसमेत सहभागी हुने छन् ।



यसअघि गत शुक्रबार १७ औद्योगिक केन्द्रमा भएको हडतालमा करिब १२ हजार ३०० कामदारले काम छाडेका थिए ।

तलबमा ५ प्रतिशत वृद्धि गर्नुपर्ने माग पूरा गराउन रोजगारदाताहरूमाथि दबाब दिने उद्देश्यले हडताल आयोजना गरिएको संगठनले जनाएको छ । तर, रोजगारदाताहरूले आगामी वर्ष एकमुष्ट रकम भुक्तानी गर्ने र सन् २०२८ को जुलाईदेखि तलबमा १.३ प्रतिशत वृद्धि गर्ने प्रस्ताव मात्र अघि सारेका छन् ।

चालु...

भएको डेढ महिनाभित्रै नयाँ पुल निर्माणका लागि टेन्डर आह्वान गर्छौं,' खनालले भने, 'तोडिएका र राष्ट्रिय राजमार्गमा परेका पुलहरूका लागि सरकारले अलगै स्रोत सुनिश्चित गर्ने तयारी गरिरहेको छ । प्रधानमन्त्री र अर्थमन्त्रीसमेत सकारात्मक रहेकाले बजेटको कुनै अभाव हुँदैन ।'

अब बन्ने पुल पहिलेको जस्तो परम्परागत नभई आधुनिक प्रविधि (सीएफएसटी वा सोसरह) मा आधारित र डबल लेनको हुने महाशाखा प्रमुख खनाल बताउँछन् ।

भेरी नदीको बाढीको जोखिमलाई मध्यनजर गर्दै नदीको बीचमा पिलर (इन्टरमिडिएट पियर) नराखी करिब १२० देखि २०० मिटरसम्मको सिंगल स्पानमा पुल निर्माण गर्ने अवधारणा अघि सारिएको छ ।

पुरानो ठेक्का (पप्पु/मल्ल जेभी) ले काममा लापरबाही गरेको र प्राविधिक त्रुटि समेत देखिएकाले यसअघि बनेका जीर्ण पिलर प्रयोग गर्न नमिल्ने भएको छ । ती पुराना संरचनालाई छाडेर अहिले नदी किनारासम्म बनेको सडकबाटै नयाँ ठाउँबाट सिधा पर्ने गरी पुलको जग हालिनेछ ।

अब...

छिटो सहमति पत्र थमाउने जिम्मा मेरो भयो, तर पत्र बुझाएको डेढ महिनाभित्रै टेन्डर प्रक्रिया अघि बढ्नु पर्छ ।' सापकोटाले काममा ढिलासुस्ती नहोस् भन्नका लागि तोकिएको समयभन्दा अगावै प्रक्रिया सक्ने लक्ष्य राख्न प्राविधिक टोलीलाई आग्रह गरे । 'हाम्रो लक्ष्य ४५ दिनको समयसीमा तोकेर ४० दिनमै काम सक्ने हुनुपर्छ,' उनले भने, 'निर्माण अवधि पनि तीन वर्षको ठेक्का लगाएर दुई वर्षभित्रै सम्पन्न गर्ने गरी गति दिनु पर्छ । अब कुनै पनि बहानामा पुल निर्माण रोकिनु हुँदैन् ।' लामो समयदेखि सास्ती खेपिरहेका स्थानीयको पीडा अन्त्य गर्न र वीरेन्द्रनगर-बर्दिया जोड्ने ५२ किलोमिटरको छोटो मार्ग सञ्चालनमा ल्याउन आफूले मन्त्रालयदेखि विभागसम्म निरन्तर दबाब र समन्वय गरिरहने सापकोटाले जानकारी दिए ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

जुम्लामा पहिलो चौमासिकमा पुँजीगत खर्च ४ दशमलव ६७ प्रतिशत मात्रै



❐ काँक्रेविहार संवाददाता
जुम्ला, ६ मंसिर

जुम्लामा चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चौमासिकमा पुँजीगत खर्च करिब ४ दशमलव ६७ प्रतिशत मात्रै भएको छ।

जिल्लामा चालु आवका लागि कुल बजेट रु तीन अर्ब ३३ करोड १६ लाख १९ हजार बजेट विनियोजन भएकामा कात्तिक मसान्तसम्ममा वार्षिक विनियोजनको चार दशमलव ६७ मात्र खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मन्जित अछामीले जानकारी दिए।

जिल्लाको सबैभन्दा बढी विकासे बजेट सडक डिभिजन कार्यालय र सघन सहरी तथा भवन आयोजनाको छ।

सडक डिभिजनमा चालु आवका लागि पुँजीगत बजेट रु एक अर्ब ७९ करोड ५० हजार विनियोजन भएकामा चालु आवको कात्तिक मसान्तसम्ममा रु ६ करोड ४८ लाख १२ हजार अर्थात् तीन दशमलव ६१ प्रतिशत पुँजीगत खर्च भएको छ।

यसैगरी, सघन सहरी तथा भवन आयोजनामा रु एक अर्ब ३९ करोड दुई लाख पाँच हजार पुँजीगत बजेट विनियोजन भएकामा चालु आवको पहिलो चौमासिकमा रु ६ करोड ८४ लाख २२ हजार अर्थात् चार दशमलव ९२ प्रतिशत खर्च भएको नियन्त्रक अछामीको भनाइ छ।

उक्त कार्यालयका अनुसार जिल्लाका सङ्घीय सरकार मातहतका ३६ वटा कार्यालय र यहाँका आठवटा स्थानीय तहका लागि पुँजीगततर्फ रु तीन अर्ब ३३ करोड १६ लाख बजेट प्राप्त छ।

मोटरेबल पुलको उद्घाटन प्रधानमन्त्री शाह र मोदीले गर्ने

❐ काँक्रेविहार संवाददाता
दार्चुला, ६ मंसिर

दार्चुलाको महाकाली नगरपालिका -८ असिगडा र भारतको उत्तराखण्ड राज्यस्थित धारचुला तहसिलको छारछुम जोड्ने मोटरेबल पुलको प्रधानमन्त्री वालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रुपमा भर्चुअल माध्यमद्धारा उद्घाटन गर्नेछन्।

भारत भ्रमणमा रहेका नेपालका प्रधानमन्त्री शाह र भारतका प्रधानमन्त्री मोदीले सोमबार (नोभेम्बर २३ तारेख) मा उद्घाटन गर्ने कार्यक्रम तय भएको भारतको धारचुला तहसिलका तहसिलदार दमनशेखर राणाले जानकारी दिए।

उनका अनुसार समय भने तोकिसकिएको छैन्। दुई देशका प्रधानमन्त्रीले संयुक्तरुपमा मोटरेबल पुलको उद्घाटन गर्ने भएपछि पुल क्षेत्रमा साजसज्जा र भर्चुअल प्रविधिका लागि तयारी



गरिएको उनले बताए।

पुलको उद्घाटनका लागि सबै तयारी पूरा गर्न केन्द्र सरकारबाट पत्राचार भएको उनले जानकारी दिए। भारत सरकारको पूर्ण आर्थिक सहयोगमा निर्माण गरिएको मोटरेबल पुलको शिलान्यास आव २०७९-८० असोज ३ गते तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू र भारतको उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले संयुक्त रूपमा गरेका थिए।

भारतीय कम्पनी पी एन्ड आर इन्फ्राप्रोजेक्ट लिमिटेड, पन्जाब ३२ करोड ९८ लाख भारतीय रुपियाँमा निर्माण गरेको उक्त पुलको उद्घाटन गरिन लागेको हो। मोटरेबल पुलको उद्घाटन हुने भएपछि नेपालतर्फको पुल छेउमा प्रहरी, सशस्त्र प्रहरी र भन्सार बस्नका लागि तत्कालको लागि अस्थायी संरचना निर्माण गर्न लागिएको दार्चुलाका प्रमुख जिल्ला अधिकारी वर्तराज पौडेलले जानकारी दिए।

प्रहरी बस्नका लागि संरचना तयार भइसकेको छ, भने भन्सारका लागि अस्थायी संरचना निर्माण भइरहेको उनले बताए। महाकाली नदीमाथि निर्माण गरिएको ११० मिटर लामो दुई लेनको पुलले सुदूरपश्चिमका पहाडी जिल्लालाई भारतसँग सडक सञ्जालमार्फत जोड्नेछ। पुल सञ्चालनमा आएपछि दार्चुलासहित बैतडी, बझाङलगायत सुदूरपश्चिमका पहाडी जिल्लाका नागरिकलाई भारत आवतजावतमा सहज हुनेछ। सीमा नदी महाकाली नदीमा झोलुङ्गे पुल र तुइनको सहायताबाट जोखिमपूर्ण रूपमा सीमापार गर्नुपर्ने बाध्यता रहेको अवस्थामा मोटरेबल पुल सञ्चालनले आवागमन सहज बनाउने अपेक्षा यहाँका स्थानीयले गरेका छन्। पुल सञ्चालनसँगै नेपाल र भारतबिचको व्यापारिक गतिविधि विस्तार हुनुका साथै स्थानीय कृषिउपज, जडीबुटी तथा अन्य कृषि उत्पादनको सीमापार व्यापारमा सहयोग पुग्ने यहाँका व्यापारीहरुले अपेक्षा गरेका छन्। भारतबाट नेपाल आउने पर्यटकहरु सुदूरपश्चिमका धार्मिक एवं पर्यटकीय स्थलसम्म सडकमार्फत आवत-जावत गर्न सक्ने भएकाले पर्यटन प्रवर्धनमा समेत टेवा पुग्ने विश्वास गरिएको छ।

स्वास्थ्यकर्मी कार्यालय नफर्किंदा, बिरामी जाँच्दै कार्यालय सहयोगी

❐ काँक्रेविहार संवाददाता
मुगु, ६ मंसिर

दसैँदेखि जिल्ला जनस्वास्थ्य कार्यालय मुगुका अधिकांश कर्मचारी कार्यालयमा अनुपस्थित छन्। कर्मचारी बिदामा गएपछि अहिलेसम्म नियमित रूपमा कार्यालय नफर्किंदा दैनिक स्वास्थ्य जाँच, प्रशासनिक कामकाज, औषधि व्यवस्थापन तथा स्वास्थ्य संस्थाको कामकाज प्रभावित भएको छ।

अहिले कार्यालय करार कर्मचारीको भरमा सञ्चालन भइरहेको छ। स्थायी दरबन्दीका कर्मचारी कार्यालयमा उपस्थित नहुँदा सेवाग्राहीले समेत सास्ती भोग्नुपरेको छ। स्वास्थ्य सेवा तथा अन्य कामका लागि कार्यालय पुग्ने नागरिक सम्बन्धित कर्मचारी नभेटेपछि फर्किनुपर्ने अवस्था छ। स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रको कार्यालय लामो समयसम्म आवश्यक जनशक्तिविहीन हुँदा सेवा प्रवाहमा समस्या देखिएको हो।

कार्यालयमा कार्यरत एक कर्मचारीका अनुसार दसैँ बिदामा घर गएका अधिकांश स्थायी कर्मचारी अहिलेसम्म कार्यालयमा फर्किएका छैनन्। कार्यालयका अधिकांश फाँट दरबन्दीका कर्मचारीविहीन छन्।

करारमा कार्यरत कर्मचारीले नै कार्यालयको दैनिक कामकाज धानिरहेका छन्। दसैँअघि नै स्टोर शाखाको जिम्मेवारीमा रहेका राजेन्द्र आचार्य र पोषण कार्यक्रम हेर्दै आएका विनोद शर्मा जिल्ला बाहिर गएका थिए। उनीहरू अहिलेसम्म कार्यालयमा उपस्थित भएका छैनन्।

पोषण कार्यक्रम हेर्ने कर्मचारी अनुपस्थित भएपछि अहिले कार्यालय सहयोगीले नै बालबालिकाको स्वास्थ्य जाँच तथा लिटो वितरणलगायतका काम गरिरहेका छन्। लेखापाल नन्दबहादुर बुढा पनि जिल्लाबाहिर छन्।

त्यस्तै, जिल्ला जनस्वास्थ्य कार्यालयमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) कार्यक्रम हेर्ने सी.अनमी रामदेवी केसी पनि दसैँ बिदामा थिइन्। उनी केही दिनअघि मात्रै कार्यालयमा उपस्थित भएकी थिइन्।

कार्यालयमा चिकित्सकको दरबन्दी भए पनि जनशक्ति अभाव उस्तै छ। जिल्ला जनस्वास्थ्य कार्यालय मुगुमा तीन जना चिकित्सकको स्थायी दरबन्दी रहेकोमा अहिले दरबन्दीका एक जना चिकित्सक डा. कर्ण भाम मात्रै मुगुमा कार्यरत छन्। कार्यालयका सूचना अधिकारी डा. नहकुल शाही ६ कात्तिकदेखि जिल्लाबाहिर छन् भने जिल्ला जनस्वास्थ्य कार्यालय मुगुका प्रमुख डा. दीपेन्द्र शाही पनि बिदामा बसेका छन्।

सिन्की बनाउन व्यस्त दाङका किसान



❐ काँक्रेविहार संवाददाता
दाङ, ६ मंसिर

कुनै समय थारू समुदायका घर-घरमा जाडोयामका लागि सञ्चित गरिने परम्परागत खाद्य परिकार सिन्की अहिले ग्रामीण किसानको आम्दानीसँग जोडिन थालेको छ। पुर्खाले सिकाएको संरक्षण गर्ने सिप र मौलिक स्वाद बोकेको सिन्की पछिल्लो समय दाङबाट बुटवल, नेपालगञ्ज, पोखरा हुँदै काठमाडौँसम्म पुग्न थालेको छ।

मुलाको पात र मुलाबाट बनाइने सिन्की थारू समुदायको मौलिक खाद्य संस्कृतिमध्ये एक हो। खासगरी स्थानीय जातको मुला (मौरैक) बाट बनाइएको सिन्की स्वाद र गुणस्तरका हिसाबले लोकप्रिय मानिन्छ। अमिलो स्वाद हुने सिन्की लामो समयसम्म सुरक्षित राखेर खान सकिने भएकाले पुर्खाहरूले खाद्य सञ्चितिको उपायका रूपमा यसको प्रयोग गर्दै आएका थिए। सिन्की बनाउने परम्परागत विधि श्रम र सिपमा आधारित छ। मुला र पातलाई काटेर सफा पानीले धोइन्छ। त्यसपछि भाँडामा खाँदेर थिचिन्छ र गाग्री वा अन्य भाँडामा प्याक गरी घरको बारीमा घाम लाग्ने ठाउँमा गाडिन्छ। कम्तीमा सातदेखि ११ दिनसम्म गाडेपछि निकालेर पुनः घाममा सुकाइन्छ। राम्ररी सुकेपछि सिन्की खान योग्य हुन्छ।

दंगीशरण गाउँपालिका-३ हेकुलीकी सुरमानी चौधरीका अनुसार पहिले पुर्खाहरूले ढेकीमा कुटेर सिन्की बनाउने गर्थे। अहिले ग्रामीण बस्तीमा ढेकीको प्रयोग घट्दै गएपछि थोक्या, फलाम वा दुङ्गाले थिचेर बनाउने चलन बढेको छ। उहाँले भन्नुभयो "१५ देखि २१ दिनसम्म राखेर बनाएको सिन्की अझ बढी अमिलो र स्वादिलो हुने पुर्खाहरूको भनाइ छ।" सिन्की केवल खाद्य परिकार मात्रै नभई थारू समुदायको जीवनशैली, मौसमी खाद्य व्यवस्थापन र पुर्खाको अनुभवसँग जोडिएको परम्परा पनि हो। सिन्कीको झोल, तरकारी, अचारलगायत विभिन्न परिकार बनाएर खान सकिन्छ। थारू समुदायमा सिन्की र थारू आलु मिसाएर बनाइएको परिकार निकै लोकप्रिय छ।

यसको अमिलो स्वादले अन्य तरकारीसँग पनि राम्रो मेल खाने भएकाले विभिन्न स्वादमा परिकार तयार गर्न सकिन्छ।राम्ररी सुकाएर राखिएको सिन्की वर्षदिनसम्म खान सकिने भएकाले यसको भण्डारण पनि सहज हुने गरेको उहाँले बताउनुभयो पछिल्लो समय मुलाको सट्टा बन्दा र काउलीका पातबाट समेत सिन्की बनाउने गरिएको छ। तर, स्थानीयका अनुसार मुलाबाट बनेको सिन्कीको स्वाद र विशेषता छुट्टै हुन्छ।

घरायसी प्रयोजनका लागि बनाइँदै आएको सिन्की पछिल्लो समय बिक्रीवितरण हुन थालेपछि ग्रामीण किसानका लागि आयआर्जनको माध्यमसमेत बनेको छ। दाङका विभिन्न ग्रामीण बस्तीमा थारू समुदायका किसान अहिले सिन्की बनाउन व्यस्त छन्। उत्पादित सिन्की दाङमा मात्रै सीमित नभई बुटवल, नेपालगञ्ज, पोखरा र काठमाडौँलगायत सहरमा समेत पुग्न थालेको छ। परम्परागत खाद्य वस्तुको बजार विस्तारसँगै सिन्की उत्पादनले स्थानीय किसानलाई स्वरोजगार बन्ने अवसर दिएको छ। पुर्खाको सीप, मौलिक स्वाद र बजारको मागलाई जोड्न सके सिन्की थारू समुदायको खाद्य पहिचान जोगाउने मात्र नभई ग्रामीण अर्थतन्त्र बलियो बनाउने आधारसमेत बन्न सक्ने देखिन्छ।

मन्त्री श्रेष्ठले दैनिक प्रशासनिक कार्य सम्हाल्ने

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ मंसिर

राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सम्हाल्ने गरी तोकेका छन्।

प्रधानमन्त्री वालेन्द्र शाह भारतको राजकीय भ्रमणमा रहेकाले मन्त्री



श्रेष्ठलाई प्रधानमन्त्रीको अनुपस्थितिमा दैनिक प्रशासनिक कार्य सम्हाल्ने गरी तोकिएको राष्ट्रपतिको कार्यालयद्वारा विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्री शाह भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै भारतको राजकीय भ्रमणका लागि आइतवर भारत पुगेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

नेपालले यूएईलाई ६ विकेटले हरायो

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ६ मंसिर

एसिया कप राइजिङ स्टार्स मा नेपालले पहिलो जित निकालेको छ।

भर्खरै सम्पन्न खेलमा नेपालले यूएईलाई ६ विकेटले हराएको हो। यूएईले ११२ रनको सामान्य लक्ष्य नेपालले २२ ओभरमा ४ विकेट गुमाएर भेट्टायो।

कुशल भुर्तेलले अर्धशतक बनाए। उनले ५७ रन जोडे। यस्तै, मयन यादवले २७, बसिर अहमदले १८ रन जोडे। बलिङतर्फ मुहम्मद मोहसिनले दुई तथा उद्दिश सुरी र अंश टण्डनले एक-एक विकेट लिए। यसअघि पहिलो खेलमा नेपालले भारत 'ए'सँग लज्जास्पद हार बेहोरेको थियो।



त्यसअघि नेपालले यूएईलाई १२१ रनमा रोक्यो। टस हारेर पहिले ब्याटिङमा उत्रिएको यूएई नेपालको धारिलो बलिङसामू निरिह बन्यो। नेपालका लागि स्पिनरहरुले उत्कृष्ट प्रदर्शन गरेका थिए। कप्तान सन्दीप लामिछाने र कुशल भुर्तेलले ३-३ विकेट लिए। सन्दीपले १० ओभर बलिङ गर्दा केवल ११ रन खर्चिएका थिए।

खराब सुरुवात गर्दै यूएईले ११ रनमा २ विकेट गुमाएको थियो। ओडिआई डेब्यू गरेका रसिद खानले आर्यान्स शर्मालाई ८ रनमा आउट गरे। अंश टन्डन पनि १ रनको निजी स्कोरमा रनआउट भएका थिए।

यूएईले तेम्रो विकेटका लिग बलियो साझेदारी गर्यो। हरप्रीत सिंह र मुहम्मद सेहदादबीच भएको ६३ रनको साझेदारी सन्दीपले तोडेपछि भने यूएईको ब्याटिङ धराशयी बन्यो। यूएईका ८ जना ब्याटरले दोहोरो अंक छून सकेनन्।

यूएईका लागि सेहदादले सर्वाधिक ४० रन र हरप्रीतले ३२ रन जोडे। ३९.५ ओभरमा यूएईले आफ्ना सबै विकेट गुमायो।

यूएईविरुद्ध कप्तान सन्दीपले अत्यधिक स्पिन आक्रमण गरेका थिए। उनले ५ जना स्पिनर प्रयोग गरे।

'सर्वदलीय सरकार बनाउँछु'

❐ **काँक्रेविहार संवाददाता**
जनकपुर, ६ मंसिर

मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले मधेस प्रदेशमा सर्वदलीय सरकार बनाउने बताएका छन्। मुख्यमन्त्रीको शपथ लिएपछि सञ्चारकर्मीसँग सङ्क्षिप्त कुराकानी गर्दै उनले प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दललाई सहभागी गराई सर्वदलीय सरकार बनाउने बताए। "मेरो चाहना सबै दल मिलेर सरकार बनाउने हो, म त्यही भावनाअनुसार दलहरुसँग छलफल अगाडि बढाउछु," मुख्यमन्त्री यादवले भने, "मेरो नेतृत्वको सरकारमा सबै दल सहभागी हुन्छ भने मलाई विश्वास छ।"

निर्धारित समयभित्रै प्रदेशसभाबाट विश्वासको मत प्राप्त हुने उनले विश्वास व्यक्त गरे। यसअघि प्रदेश प्रमुख कार्यालयमा आइतवार आयोजित समारोहमा प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मुख्यमन्त्री यादवलाई पद तथा गोपनीयताको शपथ गराएका थिए।

अलपत्र...

ल्याउनुपर्छ। त्यहाँबाट झोलुङ्गे पुल तारेर वारि ल्याएपछि मात्र गाडी वा एम्बुलेन्समा राखेर वीरेन्द्रनगरको अस्पताल पुऱ्याउन सकिन्छ। समयमै अस्पताल पुऱ्याउन नसक्दा कतिपय बिरामी र सुत्केरीले अकालमै ज्यान गुमाउनुपरेका घटना स्थानीयका लागि कहिल्यै नसुक्ने घाउ बनेका छन्। शिक्षाको अवस्था उस्तै कष्टकर छ। यातायातको सहज पहुँच नहुँदा एकातिर विद्यार्थीको समय र श्रम खेर गइरहेको छ भने अर्कोतिर आर्थिक रूपमा कमजोर परिवारका धेरै विद्यार्थीले उच्च शिक्षा बीचैमा छाड्नुपर्ने बाध्यता छ। कृषि र पशुपालनका लागि अत्यन्तै उर्वर मानिने सुगरखाल, श्रीचौर र तेलपानी क्षेत्रका किसानले उत्पादन गरेका ताजा तरकारी, अदुवा, बेसार, फलफूल र खसीबोका ढुवानी गर्न नसक्दा बजारसम्म पुऱ्याउन सकिँदैन्।

गाडी नचल्दा किसानको पसिना बारीमै कुहिएर खेर जान्छ। यता वीरेन्द्रनगरबाट नुन, तेल, चामल, मलखाद र घर बनाउने निर्माण सामग्री गाडीमा ल्याएर रानीघाट वारि झार्नुपर्छ। त्यहाँबाट भरिया लगाएर वा आफ्नै पिठ्युँमा बोकेर झोलुङ्गे पुल तार्दै गाउँ लैजाँदा दैनिक उपभोग्य वस्तुको मूल्य सदरमुकामको तुलनामा दोब्बरसम्म महँगो पर्ने गरेको छ। सामान्य नागरिकता बनाउन, मालपोत तिर्न वा बैंकको काम गर्न समेत दुई-तीन दिन खर्चिनुपर्ने बाध्यताले नागरिकलाई आजित बनाएको कठायत बताउँछन्।

ओझेलमा अन्तरप्रदेशीय लाइफलाइन

रानीघाट पुल नदी पारिका केही बस्ती जोड्ने स्थानीय संरचना मात्र होइन, यो कर्णाली र लुम्बिनी प्रदेश जोड्ने सबैभन्दा छोटो र रणनीतिक महत्वको लाइफलाइन हो। सुर्खेतको सदरमुकाम वीरेन्द्रनगरबाट मुलपानी-रानीघाट-तेलपानी हुँदै बर्दियाको पूर्व-पश्चिम राजमार्गस्थित भुरीगाउँ निस्कने यो सडकको दूरी जम्मा ५२ किलोमिटर मात्र छ। कर्णालीको र राजधानीलाई तराई र भारतीय सीमा नाकासँग जोड्ने यो सबैभन्दा छोटो मार्ग हो।

तर, मुख्य प्रवेशद्वार मानिने र रानीघाटमै पुल अलपत्र परेपछि सडक आयोजनाको औचित्य नै संकटमा छ। पुल नबन्दा सुर्खेतबाट बर्दिया, कैलाली, कञ्चनपुर तथा भारतीय सीमा नाका (मुर्तिहा) तर्फ जाने यात्रु तथा मालवाहक सवारीसाधनहरू वीरेन्द्रनगर-छिन्चु-बबई-कोहलपुर हुँदै करिब ११० किलोमिटरभन्दा लामो घुमाउरो बाटो प्रयोग गर्न बाध्य छन्। ५२ किलोमिटरमा पार गर्न सकिने यात्राका लागि दोब्बरभन्दा बढी दूरी घुम्नुपर्दा यात्रुको समय र इन्धन खेर गइरहेको छ। पुल नबने कै कारण सवारीसाधन नचल्दा सुखे ततर्फ खोलिएको सडकको ट्र्याक र तेलपानी क्षेत्रको सडकमा पहिरो जाने र झाडीले पुरिने अवस्था छ।

पुल समयमै बनेको भए आज वीरेन्द्रनगरबाट करिब डेढ घण्टामै बर्दिया पुग्न सकिने थियो र कर्णालीको आर्थिक तथा व्यापारिक गतिविधिले नयाँ फड्को मारिसकेको हुन्थ्यो।

मानव अधिकारको सम्मान गरौं

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- मानव अधिकारको उल्लंघन भएमा सम्बन्धित निकायमा उजुरी गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड





कृषि विकास बैंक लिमिटेड
कर्णाली प्रदेश कार्यालय, सुर्खेत

घर भाडामा लिनेसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०५

कृषि विकास बैंक लिमिटेडले कालिकोट जिल्लाको शुभकालिका गाउँपालिक वडा नं.५ सुकाटिया आसपासको क्षेत्रमा यस बैंकको शाखा कार्यालय, सुकटियाको लागि नयाँ घर भाडामा लिन आवश्यक भएकोले कालिकोट जिल्ला शुभकालिका गाउँपालिका वडा नं.५ हाल घर बहालमा भएको बैंकको भवन देखि पुर्व ८० मिटर पश्चिम १०० मिटर दक्षिण ३०० मिटर र उत्तर ३० मिटिर सम्म चार किल्ला भित्रको शुभकालिका गाउँपालिकाको मुल सडकसँग नयाँ घर, कम्तीमा १० बर्ष वा सो भन्दा बढी अवधिको लागि भाडामा दिन ईच्छुक घर धनीले निम्न शर्त तथा सुविधाहरुको अधिनमा रहि घर भाडामा दिन प्रस्ताव आह्वान गरिन्छ।

शर्त तथा सुविधाहरू

१) घरको भुईतला वा पहिलो तलामा कार्यालय संचालन, काउन्टर, स्टङ्गरुम/(भल्ट), गार्डरुम निर्माणको लागि कम्तीमा ८५० देखि १२०० वर्ग फिटको खाली स्थान वा पार्टेसन गरिएको हुनु पर्नेछ।
२) घरमा कार्यालय संचालनको लागि निर्धारित क्षेत्रफल, शौचालयको उचित व्यवस्था, जनेरेटर राख्ने स्थानको व्यबस्था, लकर साथै ए.टि.एम. राख्ने सटर सहित सवारी साधन पार्किङ (अन्डर ग्राउन्ड) को उचित व्यवस्था भएको हुनु पर्नेछ।
३) घरमा पानी, बत्ती, विजुली र टेलिफोनको उचित व्यवस्था हुनु पर्नेछ।
४) घरमा आवश्यकता अनुसार च्यानलगेट तथा झ्यालहरुमा ग्रिल तथा बलियो ढोकाहरु हुन पर्नेछ।
५) घरको भित्री संरचना परिर्वतन गर्न आबश्यक भएमा उक्त कार्य घरधनीले मन्जुरी दिनुपर्नेछ।
६) मासिक के-कति रकममा घरभाडा दिन चाहेको हो प्रस्ट रुपमा अंक र अक्षरमा खुलाउनु पर्नेछ।
७) प्रस्ताव फारमसँग जग्गा धनि पुर्जाको प्रतिलिपी, जग्गाको ब्लु प्रिन्ट/ट्रेस नक्सा, जग्गा धनिको नागरिकताको प्रतिलिपी, तिरो तिरेको रसिद, कागजात संम्लग्न भएको हुनु पर्नेछ।
८) घरभाडा नियमानुसार लाग्ने कर कट्टि गरी बाँकी रकम महिनाको अन्तिममा घर धनिको खातामा जम्मा गरिनेछ।
९) घरभाडा सम्बन्धी सिलबन्दी प्रस्ताव फारम यस बैंकको कर्णाली प्रदेश कार्यालय सुर्खेतमा मिति २०८३।०८।२१ गतेसम्म कार्यालय समयसम्म दर्ता गराई सक्नु पर्नेछ।
१०) घरभाडा सम्बन्धी प्राप्तहुन आएका प्रस्तावहरु मिति २०८३।०८।२२ गते दिउँसो १२:३० वजे प्रस्ताव कर्ताहरुको उपस्थिति वा अनुपस्थितिमा समेत यस बैंकको कर्णाली प्रदेश कार्यालय सुर्खेतमा खोलिने छ।
११) आबश्यकता अनुसार प्राप्त घरभाडा सम्बन्धी प्रस्तावकर्ताहरुको घरमा गई आबश्यक निरिक्षण गरी घर रहेको स्थान, वाटोको अबस्था, घरको वनावट, क्षेत्रफल, भौतिक सुविधा, प्रस्ताव गरेको घरभाडा रकम लगायत अन्य कुराहरुको विश्लेषण गरी आबश्यक निर्णय गरिनेछ।
१२) घर भाडा सम्बन्धी प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नियमानुसार यस बैंकको प्रदेश कार्यालय सुर्खेतमा निहित रहनेछ।
१३) बैंकलाई आबश्यक पर्ने स्थायी संरचना घरधनि स्वंयले बनाउनु पर्नेछ।
१४) आबश्यकता अुनसार घरको रंग/रोगन हरेक दुई वर्षमा एक पटक घर धनिले गर्नु पर्नेछ।
१५) अन्य कुराको हकमा यस बैंकको आर्थिक प्रशासन (दोश्रो संशोधन विनियमावली २०६४) र घर भाडा लिने सम्बन्धी निर्देशिका २०७१ (पहिलो संशोधन २०७५) अनुसार हुनेछ।
१६) घर भाडा प्रस्ताव फारम यस बैंकको कर्णाली प्रदेश कार्यालय सुर्खेतबाट प्राप्त गर्न सकिनेछ।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)